म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १७० २०८१ वैशाख २९ गते शनिबार 11 May 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

विद्यार्थी भर्ना अभियान-२०८१

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

प्रदेश युवा सम्मेलन-२०८१ सुरू

युवामा लगानी गर्नुपर्छः मुख्यमन्त्री जम्कट्टेल

प्रदेश युवा सम्मेलन-२०८१ को अवसरमा शुक्रबार बिहान हेटौंडामा निकालिएको प्रभातफेरी ।

समाज संवाददाता

हेटौंडाः दोस्रो बागमती प्रदेश युवा सम्मेलन २०८१ सुरु भएको छ। हेटौंडामा शुक्रबार बिहान बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सम्मेलनको उद्घाटन गर्नुभयो। बागमती प्रदेश युवा परिषद्को आयोजनामा भएको सम्मेलनमा बागमती प्रदेशको ११९ पालिकामध्ये ९१ पालिकाबाट २ सय युवाको सहभागिता रहेको छ । तीन दिनसम्म सञ्चालन हुने सम्मेलनमा बहस, अन्तरक्रिया, सफलताको कथा कथन, हेटौंडा सम्पदा यात्रा हुनेछ ।

युवा सम्मेलनलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री जम्कट्टेलले युवाको क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभएको छ। बागमती प्रदेश सरकारको युवा परिषद्, खेलकुद विकास परिषद् र सञ्चार रजिष्ट्रारको कार्यालय तीन वटा निकायको कार्यसम्पादन सन्तोषजनक र प्रसंशनीय रहेको मुख्यमन्त्री जम्कट्टेलले बताउनुभयो। प्रदेश युवा परिषद् मार्फत नै लागु गर्ने गरी युवा सीप वर्ष घोषणााको तयारी भइरहेको पनि उहाँको भनाइ छ। सम्मेलनमा सहभागी युवालाई निराश नहुन र सकारात्मक दृष्टिकोणका साथ जिम्मेवार भएर अगाडि बढ्न युवालाई आग्रह गर्नुभएको छ। सम्मेलनबाट प्राप्त निश्कर्ष र सुझावलाई प्रदेश सरकारले ग्रहण गर्ने प्रतिवद्धता पनि मुख्यमन्त्रीले जम्कट्टेलले व्यक्त गर्नुभएको छ ।

युवा सम्मेलनलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोर मणि पौडेलले युवा उमेर मात्रै नभएर सोँच र सक्रियता समेत भएको बताउनुभयो । उहाँले देशमै बसेर केही गर्न सकिन्छ भन्ने संकल्प युवा पुस्ताले गर्नुपर्ने धारणा राख्नुभयो । अमेरिका, युरोप र अष्ट्रेलियामा बसेर नेपाल र नेपालीलाई दोष लगाउने प्रवृत्तिको पौडेलले आलोचना गर्नुभयो । पौडेलले युवाको पलायनलाई रोक्नुपर्ने उल्लेख गर्नुहुँदै नेपालमा सबै कुरा रहेको र उपलब्ध स्रोत, साधनको व्यवस्थापनमा मात्रै ध्यान दिनुपर्नेमा जोड दिनुभएको छ ।

परिषद्को अध्यक्ष समेत रहनुभएकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले गत वर्ष सम्पन्न पहिलो प्रदेश युवा सम्मेलनको घोषणापत्रमा युवाले समेटेका ११ बुँदा मध्ये ७ वटा बुँदालाई प्रदेश सरकारले सम्बोधन गरिसकेको उल्लेख गर्नुहुँदै यस वर्ष पनि युवा सम्मेलनबाट सकारात्मक सुझाव प्राप्त हुने अपेक्षा व्यक्त गर्नुभयो । युवालाई नकारात्मक टिप्पणी मात्रै नगरी जिम्मेवार भएर आआफ्नो तर्फबाट योगदान दिन अग्रसर हुनुपर्ने धारणा राख्नुभयो ।

प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले सम्मेलनमा सहभागी युवालाई आआफ्नो क्षेत्रमा मुलुकमा योगदान दिन सक्ने गरी क्षमता विकास गर्न आग्रह गर्नुभयो । प्रदेश युवा परिषद्ले युवाको क्षमता अभिवृद्धिमा आवश्यक सहयोग गरिरहेको र आगामी दिनमा गर्नुपर्ने कामको विषयमा सिधै वा परिषद्मार्फत सरकारलाई सुझाव दिन आग्रह गर्नुभयो। परिषद्ले सक्दो रचनात्मक काम गर्ने प्रयास गरिरहेको कार्यकारी उपाध्यक्ष चौलागाईको भनाइ थियो ।

उद्घाटन सत्रअघि हेटौंडाको बुद्धचोकबाट प्रभातफेरीको आयोजना गरिएको थियो । प्रभातफेरीमा मुख्यमन्त्री जम्कट्टेल, आर्थिक ममिला तथा योजना मन्त्री जगन्नाथ (जेएन) थपलिया, सामाजिक विकास मन्त्री कुमारी मोक्तानसहित प्रदेश सरकारका मन्त्री, कर्मचारी, राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतको सहभागिता रहेको थियो । बुद्धचोकबाट सुरु भएको प्रभातफेरी सीमाचोक, मेनरोड हुँदै सम्मेलनस्थल रोयल पार्टी प्यालेस पुगेको थियो ।

प्रभातफेरीमा सिन्धुलीको कलाघर, हेटौंडा-१४ को छोर्वा बोम्बो समूहले साँस्कृतिक झाँकी प्रस्तुत गरेका थिए । सम्मेलनमा स्काउटका स्वयम्सेवीले सहयोग गरेको छ ।

भाषा नीति निर्माण तथा तामाङ मातृभाषा शिक्षा कार्यक्रम सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडामा स्थानीय तहको भाषा नीति निर्माण तथा तामाङ मातृभाषा शिक्षा कार्यक्रम सुरु भएको छ । शुक्रबार नेपाल तामाङ घेदुङ बागमती प्रदेश समितिको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा कार्यक्रम भएको हो ।

तामाङ घेदुङ प्रदेश समितिका अध्यक्ष लीलाकुमार घलानको सभाध्यक्षतामा सुरु भएको कार्यक्रम आज शनिबारसम्म सञ्चालन हुनेछ । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष घलानले भाषा आयोगले सिफारिस गरेअनुरुप तामाङ र नेपाल भाषा प्रदेश सरकारको कामकाजी भाषा बनाइएको बताउनुभएको छ । बागमती प्रदेशको विभिन्न पालिकाहरुमा भाषा शिक्षा लागू भएको बताउनुभयो ।

स्थानीय तहमा तामाङ भाषासम्बन्धी विकास गर्नका लागि कार्यक्रमको आयोजना गरेको उहाँले बताउनुभयो। प्रदेशमा नेपाल र तामाङ भाषा कामकाजी भाषको रुपमा लागू भएपछि कार्यक्रमको आयोजना गरेको उहाँले बताउनुभयो । कामाकाजी भाषा पारित भएकाले बहुभाषिक ज्ञानको विकास हुने उहाँले अपेक्षा गर्नुभएको छ ।

नेपाल तामाङ घेदुङका केन्द्रीय अध्यक्ष मोहन गोलेले मातृभाषा शिक्षाको कार्यान्वयन गर्ने कार्यमा सामाजिक संस्थाभन्दा पनि जिम्मेवारीपूर्ण ढंगबाट राज्य लाग्नुपर्ने बताउनुभएको छ । भाषा आयोगलाई कार्यान्वयनमा ल्याउनका लागि घेदुङले ठूलो भूमिका निर्वाह गरेको बताउनुभयो । संयुक्त राष्ट्र संघले सन् २०२२ देखि २०३२ सम्म अन्तर्राष्ट्रिय भाषा दशकको रुपमा घोषणा गरेको उहाँले बताउनुभयो ।

मातृभाषा विषय शिक्षा कार्यान्वयनको चरणअन्तर्गत् नेपाल तामाङ घेदुङ र स्थानीय सरकारहरुबीच सम्झौता भएको बताउनुभयो। जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति, घेदुङ र भाषा आयोगको सहकार्यमा स्थानीय भाषा संरक्षणका लागि विकास नीतिसम्बन्धी कार्यक्रमको आयोजना गरेको उहाँको भनाइ छ। तामाङ भाषासम्बन्धी विषय प्रशिक्षण दिएको बताउनुभयो । पुस्तक प्रकाशनका लागि सम्बन्धित पालिका हुँदै विद्यालयहरुमा हस्तान्तरण गरेको उहाँले बताउनुभयो ।

काभ्रेपलाञ्चोक जिल्लाको रोशी गाउँपालिका, मण्डनदेउपुर नगरपालिका, ललितपुर जिल्लाको कोन्ज्योसोम गाउँपालिका, नुवाकोट जिल्लाको पञ्चकन्या गाउँपालिका, मकवानपुर जिल्लाको थाहा नगरपालिका, सिन्धुली जिल्लाको मरिण गाउँपालिका, सिन्धुपाल्चोकको जुगल गाउँपालिका र र मिेछाप जिल्लाको सुनापति गाउँपालिकामा तामाङ मातृभाषा विषयको शिक्षा लागू भएको उहाँले बताउनुभयो । उहाँले वि.स.२०४९ सालमा तामयिग लिपि र भाषालाई सँगै लाने निर्णय गरेको र उक्त काम वि.स. २०५४ सालको चौथो महाअधिवेशनबाट पारित भएको बताउनुभयो ।

अन्तर्राष्ट्रिय तामाङ परिषद्बाट तामाङ समुदायको छाता संस्थाको रुपमा पारित गरिएको बताउनुभयो । अहिलेको पाठ्यक्रमले समाजमा भएको परिवर्तनलाई अत्मसाथ गर्न नसकेको बताउनुहुँदै परम्परागत र सामाजिक चेतना नै पक्षपोषण गरिरहेको बताउनुभयो ।

कार्यक्रममा मकवानपुर जिल्लाको विभिन्न विद्यालयका प्रधानाध्यापक र अन्य क्षेत्रमा व्यक्तित्वहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी हुनेहरुलाई आफ्नो धारणा राख्ने अवसर प्रदान गरिएको थियो। हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसका छात्र रोहित थापाले आफूले जन्मेदेखि नै नेपाली भाषा सुन्दै र बोल्दै आएकाले तामाङ भाषामा पोख्य नभएको बताउनुभएको छ । आफ्नो घर वरपरका साथीहरुले तामाङ भाषाको प्रयोग गर्दा आफूलाई पनि त्यस भाषाप्रति रुचि लाग्ने गरेको बताउनुहुँदै थापाले भन्नुभयो- 'जब अरु व्यक्तिहरुले एक अर्कासँग कुरा गर्दा अन्य भाषाको प्रयोग गर्छन्, त्यस्तो समयमा मलाई पनि त्यो भाषा बोल्न आएको भए उनीहरुसँग कुरा गर्थें।' अन्य भाषाको प्रयोग गर्ने क्रममा अरुसँग तुलना गर्दा आफूले राम्ररी बोल्न नजान्ने उहाँले धारणा राख्नुभयो ।

कार्यक्रममा नेपाल तामाङ घेदुङ संघीय उपाध्यक्ष शोभा तामाङ, संघीय कोषाध्यक्ष कय योन्जन, शिक्षाविद् विद्यानाथ कोइराला, भाषविद् लोकबहादुर कार्की, हेटौंडा उपमहानगरपालिकाको ११ नम्बर वडाका अध्यक्ष जुना दहाल र हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ का अध्यक्ष विष्णुगोपाल महर्जनको पनि उपस्थिति रहेको थियो ।

नक्कली नोटसहित ५ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः ५५ हजार नक्कली नोटसहित प्रहरीले ५ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा कैलाश गाउँपालिका-९ का १८ वर्षीय सीताराम थिङ, हेटौंडा-१४ घर भई हेटौंडा-४ मा डेरा गरी बस्ने ३७ वर्षीय सुनिल ढुङ्गाना, १८ वर्षीय रोजल ढुङ्गाना, मकवानपुरगढी गाउँपालिका-४ बस्ने २० वर्षीय सोमराज थोकर र २८ वर्षीय रामेश्वर अर्याल रहेको जिल्ला प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बुधबार बेलुका ८ बजेको समयमा प्रहरी चौकी नामटारबाट खटिएको प्रहरी टोलीले पसलमा सामान खरिद गर्दै गरेको अवस्थामा कैलाश गाउँपालिका-९ बाट थिङलाई पक्राउ गरेको थियो । थिङले प्रारम्भीक अनुसन्धानको क्रममा बिहीबार बाँकी ४ जना नक्कली नोटमा संलग्न रहेको भनि बताएका थिए ।

उनीहरुको साथबाट प्रहरीले नेपाली १००० दरका ५५ हजार रुपैयाँ बरामद गरेको थियो। नक्कली नोटको कारोबारमा संलग्न पाँचै जनालाई मुद्रासम्बन्धी कसुरमा जिल्ला अदालत हेटौडाबाट ५ दिनको म्याद अनुमति लिई थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ।

सहायक प्रजिअको सरुवा

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी (प्रजिअ) झरेन्द्रप्रसाद चापागाईको सरुवा भएको छ। चापागाई सरुवा भएर इलाका प्रशासन कार्यालय दमकमा कार्यालय प्रमुखको रुपमा जानुभएको हो।

चापागाईले मकवानपुरबाट शुक्रवार रमाना लिनुभएको छ।१० असोज २०८० मा मकवानपुरमा आउनुभएका चापागाई १० महिना बसेर जानुभएको हो । अब मकवानपुरमा सहायक प्रमुख जिल्ला अधिकारीको रूपमा लोकमान श्रेष्ठ आउनु हुनेछ। श्रेष्ठ गृह मन्त्रालयमा अधिकृतको रूपमा कार्यरत हुनुहुन्थ्यो । श्रेष्ठको उपसचिवमा बढुवा भएर मकवानपुरमा आउन लाग्नुभएको हो ।

बागमती प्रदेशको हिउँदे अधिवेशनको उपलब्धी न्यून

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको हिउँदे अधिवेशनको उपलब्धी न्यून रहेको छ । प्रदेश सरकारले १२ वैशाखमा अन्त्य गरेको हिउँदे अधिवेशन एउटै पनि कानुन निर्माण नगरी अन्त्य भएको हो ।

विधान अधिवेशनको रूपमा चिनिने हिउँदे अधिवेशन एउटा पनि कानुन निर्माण नगरी १२ गते राति १२ बजेबाट अन्त्य भएको थियो । गत १५ फागुनबाट सुरु भएको बागमती प्रदेशसभाको १३ औं अधिवेशनमा जम्मा ६ पटक बैठक बसेको थियो।

प्रदेशसभा सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताले हिउँदे अधिवेशनको अवधिमा कानुन निर्माणसँग सम्बन्धित एउटामात्रै काम भएको जानकारी दिनुभयो। गत असोजमा वर्षे अधिवेशनमा पेस भएको प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालनसम्बन्धी विधेयकलाई अघि बढाउनु बाहेक सरकारले कुनै पनि नयाँ विधेयक संसदमा पेस गर्न नसकेको गुप्ताले जानकारी दिनुभयो। प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालनसम्बन्धी विधेयक पनि संसदको उद्योग, पर्यटन तथा वातावरण समितिमा दफाबार छलफलकै चरणमा छ ।

प्रदेशसभा सचिवालयका अनुसार ५७ दिन समयावधि रहेको अधिवेशनमा प्रदेशसभाको बैठक जम्मा ५ घण्टा ११ मिनेटमात्र सञ्चालन भएको थियो । यस अवधिमा बागमती प्रदेशसभाले बजेटमाथिको विवाद समाधानका लागि गठित विशेष समितिको सुझावसहितको प्रतिवेदन पारित गर्ने र मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तेस्रो पटक विश्वासको मत लिनेबाहेक कुनै पनि काम भएन ।

यस्तै, प्रदेशसभाको दोस्रो कार्यकालको डेढ वर्ष बित्दासमेत संसदीय समितिको नेतृत्व चयन हुन सकेका छैन भने समितिहरुले प्रभावकारी ढंगबाट काम गर्न सकेका छैनन् । प्रदेशसभामा रहेका ५ वटा विषयगत समितिहरुमा सभापति चयन नहुँदा कानुन निर्माण प्रक्रिया प्रभावित बन्दै आएको छ ।

वर्षे अधिवेशनको विभिन्न मितिमा दफाबार छलफलका लागि संसदीय समितिमा पठाइएका विधेयकहरू हिउँदे अधिवेशनमा प्रतिवेदनसहित संसदमा फिर्ता हुनुपर्ने थियो, तर समितिहरूले प्रभावकारीरुपमा काम गर्न नसक्दा ती विधेयकहरु समितिमै बसेका छन् । यसरी समितिमै रहेका विधेयकहरूमा प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, विज्ञान प्रविधि नवप्रवर्तन तथा विकास कोष सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक र स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक रहेका छन्। ती विधेयकहरू प्रदेशसभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा रहेका छन्।

यता, प्रदेशसभाको १३ औं अधिवेशन सञ्चालनमा ११ लाख खर्च भएको प्रदेशसभा सचिवालयले जनाएको छ । सचिवालयका अनुसार प्रशासनिक खर्चबाहेक सांसद, पदाधिकारी सुविधा तथा बैठक भत्ता र खाजालगायतका शीर्षकमा सचिवालयबाट ११ लाख रुपैयाँ खर्च भएको हो ।

प्रदेशसभाको एउटा बैठक सञ्चालन गर्न प्रतिसांसद २ हजार रुपैयाँका दरले खर्च हुने गरेको सचिवालयका प्रवक्ता गुप्ताले जानकारी दिनुभयो । बैठक भत्ता जनही १ हजार रुपैयाँ, सचिवालय तथा संसदीय दल खाना र खाजा खर्च, पदाधिकारीको अन्य सुविधाअन्तर्गत् उक्त खर्च हुने गरेको छ। सोहीअनुसार संसदको हिउँदे अधिवेशनमा ५ दिनमा ६ वटा बैठक सञ्चालन भएको र सेवा सुविधाबापत प्रदेशसभाका ११० जना सांसदलाई प्रतिव्यक्ति २ हजार रुपैयाँका दरले ११ लाख रुपैयाँ खर्च भएको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

सौँराई

कथा

शिवराज शाही

एकाबिहानै झिसमिसेमैं पुतलीलाई ओछ्यानमै छाडेर बम्बै लाग्यो माने । पुतलीले चालै पाइन् । जान्छु भनेर पनि भनेन् मानेले आफ्नी जोईसङ्ग । चुपचाप झोला भिऱ्यो । एकनजर तीनसेले टर्च टल्काएर हेऱ्यो- मस्त निदाइरहेकी जोईका अनुहारमा । कठै कति मायालु अनुहार । पुतलीलाई छोडेर कालीपारा जान् कठिन् भयो मानेलाई । तर मायाले मात्र पुग्दो रहेनछ मुन्छेका जातलाई । पाल्नै पर्दो रहेछ पापी पेट । ढाक्नै पर्दो रहेछ खरानी भैजाने शरिर । कमाउनै पर्दो रहेछ स्वार्थी धन । यस्तै त रहेछ मान्छेको जुनी ।

मानेले बिस्तारै ढोका खोल्यो । मन भारी बनाएर पाइला चाल्यो । निरन्तर छुट्दै गए-जवान श्रीमती, श्रीमतीको गर्भमा हुर्किरहेको मायाको चिनो, आफु जन्मे हुर्केको घर आँगन । घरमुनिको अग्लो आरुको रुख, पानी खाने धारो, सबै सबै छुट्दै गए । मानेले पाइला चालिरह्यो ।

श्रीमतीको फोटो झोलामा कोचेर धन कमाउन् हिडेको माने गैरिखेत गाँउपारिको बतासे डाँडामा पुग्यो । मन मानेन् । एकछिन् त्यतै रोकिएर हेऱ्यो गाँउतिर । गाँउ देखिएन् केवल अँध्यारो मात्र देखियो । किनभने सुर्य उदाएको छैन् यो दुखारी संसारमा । घर देखिएन् तर मानेका आँखाले भालेको डाकोसङ्गै ओछ्यान् छोडेर आगँनमा झाँडु लगाईरहेकी श्रीमती देख्यो । बालापनमा साथीहरुसित छोईडुम खेलेको चौरपनि देखिएन् । तर मानेले देख्दै नदेखेको आफ्नो सन्तानको अनुहार देख्यो । यस्तै रहेछ । मायाका आँखाले हेरेपछि मनभित्र बसेका सबैसबै देखिदा रहेछन् । निष्मम अँध्यारोमा पनि ।

'मु अब बम्बै बाईजान्या हु' केहीदिन पहिले पुतलीसङ्ग कुरा गरेको थियो मानेले 'अलिअलि रुप्या पुईसा ल्याइकन आउला । ज्यानको ख्याल गरिकन बस्याई पुतली'

श्रीमान परदेशिने कुराले छाँगाबाट खसे जस्तै भएकी पुतलीले रुन्छे आवाजमा भनेकी थिई' पुईसाले मात्तै क्या हुँदो छर ? तमी घरमा नभया त मुकन दिनपुनि रात जइथो लाग्दो !'

'तेरा गलामा तिलहरी देख्न्या धोको छ, तँकन नुयाँ टाला दिन्याँ मुन छ' मानेले सम्झाएको थियो पुतलीलाई ।

त्यो रात सुक्सुकाएरै कटाएकी थिई पुतलीले । सुक्क सुक्क । धेरै सम्झाएको थियो मानेले । तर पुतलीको मन नराम्रो सङ्ग पिरोलिएको थियो । अबेरसम्म उसका आँखाबाट मायाको भेल बगेको थियो ।

बतासे डाँडाबाट गाउँतिर हेर्दे टोलाईरहेको माने भक्कानियो । आँखाको बाँध भत्काएर छल्किएका आँशु सम्हाल्नै सकेन उसले । ती झरे र बग्दै बग्दै गलासम्म पुगे । रोएरै बस्नु थिएन् । ब्यान्तारो उदाउनै लागेको थियो । पाँचकाटियाको लेख काट्नै थियो उज्यालो नहुँदै । नत्र जाजरकोट खलङ्गाबाट नेपालगन्ज जाने अन्तिम बस भेटिदैन थियो । अन्तिम पल्ट मानेले गाँउतिर हेऱ्यो । गाँउ देखिएन् । उज्यालो भएको छैन् अझैं । गाँउ जस्तै उसको जीन्दगी पनि अँध्यारोमैं रुम्ल्लीरहेको छ । मानेले मन दरो बनायो । र लाग्यो कालीपारा-उज्यालो खोज्न् ।

भाले बास्यो । पुतलीको निन्द्रा खुल्यो । बिस्तारै पोईका छातीतिर सर्न खोजे उसका हात । तर पोईको न्यानो छाती भेटिएन् । सङ्गै सुतेको पोई साथमा नभेटिएपछि पुतलीको मनमा चिसो पस्यो । हतार हतार सिरानमा छामछुम पारेर तीनसेले टर्च बाली उसले । माने थिएन साथमा ।

सधैं झ्यालबाट घाम नपस्दासम्म नउठ्ने पोई एकाबिहानै गायब भएको देखेर पुतलीको मनमा डरको बिउ रोपियो । आतिँदै बाहिर खड्कुलामा पुगीँ पुतली । त्यहा मानेले सधैं लगाउने हटेरु जुता थिएनन् । पुतलीको मनमा रोपिएको डरको बिउ फयाट्टै उर्मियो । भलिबल झैं उर्फिरहेको मुटुलाई सम्हाल्दै कोठाभित्र पुगीँ पुतली । हेरी झुङ्गेलातिर । त्यहा थिएनन्, मानेले टाढा कतै जाँदा लगाउने दौरा सुरुवाल । थिएन् पोहोर साल मानेले कालीपाराबाट ल्याएको देशि झोलापनि । पुतलीको मनमा रोपिएको डरको बिउ एकाएक बढेर सल्लाको रुख जत्रै भयो ।

पुतलीले सिरान छेउमै भेटी मानेको पत्र । उसका हात थर्थराए । बोली रोकियो गलाभित्रै । मनमनै डराई डराई त्यो पत्र पढी पुतलीले ।

"प्यारी,

मुकँन बिदा गर्न गारो होला भुनिकन यसो गऱ्याको हु । मुन नुदुखाएई ! मुनौनो मुईकी रिस नुराख्याई । मु कालीपारा बाईजाँदो भयाँ । आफ्ना ज्यानका रक्षा अऱ्याई । मु छिट्टै आईजान्याँ हु ।"

छातीमा तिखो शुल रोपिए झैं भयो पुतलीलाई मानेको पत्र पढेर । थाप्लामा कसैले घनले हिर्काए झैं भयो । आखाबाट बर्खे झरी झैं बर्सिय आँशु । पत्रलाई छातीमा च्यापेर ओछ्यानमा मुख जोतेर रोईरही पुतली ।

"निस्ठुरी काँहीको, मुनौनो दयामया नुभयाको" एक्लै बर्बराई ! जान्या बेला एकवचन सोध्याको भया मु तैंकन रोक्न्या थिएन् । माल जान्या चरीकन को बैरी रोक्न सकला ?'

पोईको सौँराईले हरेकक्षण सताईरह्यो पुतलीलाई । मानेलाई सम्झेर रुने फुर्सद थिएन् उसङ्ग । छँदै थियो भावीको लेखा । सधैँको कर्म । मेला पात बन जङ्गल, पधैँरा र चुलोचौको । रोएरै बस्ने जिन्दगी थिएन् उसको । रुदै हात खुट्टा घोट्नुपर्ने जिन्दगी थियो ।

सुक्सुकाउँदै पधैँरा गई उ । तुरतुरे धाराबाट तप्किरहेको पानी भन्दा बढी आँशु तप्किए । ग्रागीमा पानी भरिँदै गयो, मुलको पानी सुकेन् । पुतलीका आँशु बगिरहे । आँखा रित्तो भएन्न । बाह्रमासे मुल जस्तै हुदो रहेछ दुखीको आँशु । ब्रहै महिना तप्किरहने ।

एक्लो परानी । पुतली बाहेक घरमा अर्को चरो मुसो छैन् । भएको एउटो पोईपनि खबरै नगरी हिडिदियो कालीपारा । आज पुतलीलाई काम गर्ने जाँगर चलेन् । मन अल्झिरह्यो मानेको सौँराईमा । काम गर्ने मन लागेन् भन्दैमा धर् पाईने कुरो थिएन् । कराउन् थाले गोठका गाईबाख्रा । आफुलाई नखाए पनि हुने जस्तो छ । तर ती पशुलाई कसरी भोकै राँख्न सक्छे र उ ?

बरियो र आँसीखाप् बोकेर बन तिर लागि पुतली । अग्लो पाकरीको रुख चढेर घाँस काट्न थाली । मानेको सौँराई लाईगो फेरी । गाँउन थाली बिरही ठाडी भाका । रनबनै रन्कियो उसको भाकाले ।

'पासो लाई मरुकी, साईको नासो पछ्यौरीको
आँशु मै तरुकी, हाँसी खान्या भाग्य छैन्'

'अस्ताउँदो बेलभयो, उदाउन्या सुरजपन
आँशुको भेलभयो, बेसाहारा जीन्दगीमा'

बनका न्याउलीले सुने पुतलीको रोदन । तिनले सहानुभुती प्रकट गरे । आफ्नै भाषामा । उसको बेदना बढ्दै गयो । आँशुले चोली भिज्यो ।

यैं बनका न्याँउला र रुखहरुलाई साचीँ राखेर पिरती लगाएका थिए माने र पुतलीले । मानेले पात बजाउँदै आँफुलाई बोलाएको सम्झी उसले । बाखा चराउन आएका बेला पिरतीका कुरा गरेरै बिताएका दिन पनि सम्झी । कल्पनाको रुमानी आकाशमा उडीरहेकी पुतलीका गोडाले यथार्तको धरातल छाडे । घाँस काट्दाकाट्दै पुतलीको खुट्टा चिप्लियो रुखबाट ।

'मरे नि आमै.............'

चिच्याउँदै भुईमा पछारिई उ । कुमालेको चक्र झैं घुम्यो संसार । आँखाभरी हजारौं ताराहरु छरिएजस्तो भयो । अँध्यारो । दायाँ खुट्टामा चोट लागेछ । भल्भल्ती र गत बग्न थाल्यो । तल्लो पेट चसक्क चस्कियो, जँहा मानेको चिनो हुर्कदै थियो ।

'जिन्नकी भन्नु यत्ति रहेछ' उसलाई लाग्यो 'पिरतीको चिनोलाई संसार देखाउन नसक्ने भएँ ।'

गुहार माग्ने जाँगर रहेन् । घाईते ज्यानलाई उठाउने कोही थिएन् । आफैं उठ्न खोजी । सकिन् । देब्रे हातले आफ्नो धर्म छोडिसके । दाईने हात टेकेर उठ्न खोजी । सकिन । संसार धर्मराउन् थाल्यो । साथ दिएन् दाईने खुट्टाले पनि । गोलीगाँठामा कसैले कर्दले रेटेजस्तै भयौ । उठेर हिड्नलाई अनेक प्रयास गरी उसले । तर सकिन् । आफ्नै ज्यान भारी लाग्यो आफैँलाई । काप्दै च्याती फरियाको फेरो । आफैं बाधी भल्भल्ती र गत बगिरहेको आफ्नै टाउकामा ।

बाँच्ने आश मऱ्यो । रुखको टुप्पामा बसेर बासिरहेको न्याउलीले आफ्नै मृत्युको शङ्ख फुके झैं लाग्यो उसलाई । 'कोही नहुनेका भगवान हुन्छन्, भुन्दिछिन् जीया' पुतलीले घाईते आवाजमा देउता पुकारी 'हे माईती देउता, बचाउ मुलाई ।'

बेसाहारा भएर अबेरसम्म जानेजतिका देउताको नाम पुकारी । जोडजोड्ले कराई- कोही बचाउन् आउछ् कि ? सास रहेसम्म आश हुन्छ । कयौँचोटी उठ्ने कोसिस गरी उसले । तर पालैपालो शरिरका प्रत्येक अङ्गले आफ्नो धर्म छाड्दै आए । कन्चट फुट्ला झैं भयो । उल्टो आँसीले रेटिरहे झैं भयो हातगोडामा । रगत थाम्न बाधेँको फरियाको फेरो रगतले लतपतियो । बिस्तारै आँखा धमिला हुँदै आए । आखैं अघि नाच्न थाल्यो काल । धिपधिपाई रहेको टुकीमा सकिदै गएको तेल झैं घटदै आयो बाँच्ने आशा । तेल सकियो टुकी निभ्यो । पुतलीले होस् घुमाई.........

'कठै देन, रनबन डुलन्याँ चरी काँ हो तेरो घर
कठै दैन जुन्म्या पछि मर्नै परन्या नमरन्या को छर'

सिकार खेल्न लेकतिर गएका शान्ते दाई बिरही ठाडीभाका गाउँदै आए । खोल्सामा रक्ताम्मे भएर लडिरहेकी पुतलीलाई देखेर झस्किए उनी । आफ्नो भारी बाटामै हत्यार अतालिँदै पुतलीको नजिक आए । उसका नाडी छामे । ती चलिरहेका थिए ।

'पुतली बुईनई, ए पुतली बुईनई...?' पुतलीलाई सुस्त झक्झकाए शान्ते दाईले । पुतली बोलिन् ।

उसको सास चलिरहेको थियो । ज्यान रगतमै लतपतिएपनि दैवले हात थामिदिएका थिए । यसैलाई भाग्य भनिन्छ सायद । शान्ते दाई देउता बनेर आए पुतलीका लागि । रक्ताम्मे पुतलीलाई जसोतसो आफ्नो घर ल्याए ।

'जैरेकी आमै एई जैरेकी आमै ?' बेहोस पुतलीलाई पिढीमा सुताएर आफ्नी जोईलाई बोलाए शान्ते दाईले ।

'अई जेई, क्या भयो पुतलीकन ?' भान्सामा ढिडो पकाईरहेकी शान्तेदाईकी जोई आत्तिदै आँगनमा आईन् । पुतलीको दुरदसा देखेर त्रसित हुँदै भनिन् ! यईका गाईडिगा मध्य दिउससुम्म गोठमी कराया, मुईले फुकाईकन हाम्रै गाईबल्ल साथ चराईदियाँ ।'

'दैवले हात मात्तै थामिदियाको छ, बेलैमा ओख्तोमुलो नगऱ्या ज्यान बाँच्न्या जईथो छैन् ।' शान्तेदाईले हतास आवाजमा भने ! पुतलीका ज्यानको रगत पुछपाछ पारेर टाला फेरिदे, म ओख्तो ल्याईकन आउछु !

आफ्नी जोईलाई यत्ति भनेर धामीको घर तिर लम्किए शान्तेदाई । धामीकै घरमा हुन्छ, बिभिन्न जडिबुटीको ओखती ।

धामीको सल्लाह अनुसारको जडिबुटिको ओख्तोमुलो बोकेर घर फर्किए शान्तेदाई । यतिन्जेलसम्म पुतलीको ज्यानका कपडा फेरिसकेकी थिईन् शान्तेदाईकी जोईले ।

दुई जोईपोई मिलेर पुतलीलाई घरभित्र लिए । चुलोछेउमै दरी ओछ्यार सुताए पुतलीलाई । चिसो नलागोस् भनेर लालपाखी ओडाईदिए । नुन तताएर पुतलीका हातगोडा सेकीदिईन शान्तेदाईकी जोईले । जीउमा तातो पसेर होला । अबेर पछि पुतलीको होस् आयो ।

मानेको सौँराईमा हराएर ठाडिभाका गाउँदै घास काटिरहेका बेला रुखबाट लडेर बेहोस भएकी पुतली एकछिन् त वाल्ल परी । 'मु काँ छु' पुतलीले अच्चम मान्दै सोधी ।

'तमि रुखबाट लोटिछौ' शान्तेदाईले भने ! मुईले भेटाएर यँहा ल्यायको छु , अहिले कस्तो छ तमिकन् ?'

पुतली आफ्नो हातल देखेर निराश भई । केही बोलिन् । झट्ट सम्झी परदेशिएको पोईलाई । बिस्तारै शान्तेदाईका जोईपोईले चाल नपाउने गरी मानेको चिनो हुर्किरहेको ठाँउमा हात पुऱ्याई । उसका मनमा चिसो पस्यो । कतै मानेको चिनोलाई केही भयो की ? पुतली उठ्न खोजी । चस्क्क चस्कियो देब्रे हात । हातभन्दा धेरै चस्कियो उसको मन ।

'झर्को नमान् ।' निराश पुतलीलाई जडिबुटीको ओषधीको झोल खुवाउँदै सम्झाईन् शान्तेदाईकी जोईले ! ज्यान बाच्या पछि फेरी पाईजाँदो सबैकुरा' पुतलीको मनमा खड्किरहेको मातृत्वभाव महसुस गरिन् सायद उनले ।

एकातिर परदेशि पोईको पिर । अर्कातिर गर्भमा हुर्किरहेको सन्तानको पिर । अनि अर्कातिर चस्किरहेको ज्यानको पिर । पिरैपिरको चुलामा सल्किरह्यो पुतलीको मन । शान्तेदाईकी जोईले खुवाएको ओख्तोमुलोले उसको ज्यानको बेदना त घटाउदै गयो । तर मनको पिर मेहेलको काँडो बनेर बिझाईरहयो । रातभर निन्द्राले आफ्नो बसमा पार्न सकेन पुतलीलाई । मन नलागी नलागी निलेको दुईगाँस ढिडोले कुनै तागत दिएन् । पिरैपिरको भारी बोकेर परदेशी पोईलाई सम्झिरही उसले ।

पुतलीका माईती छैन्न । दुई बर्षअगि उसको माइती गाँउ बारेकोटमा गएको पहिरोले उसका माईतीलाई खोसेर लग्यो । छिमेकी शान्तेदाईका जोईपोई मात्र हुन् पुतलीका आफन्त । रातभर आँखा नचिम्ली पुतलीको हेरचाह गरिरहे उनीहरुले ।

रातको अन्तिम प्रहरमा अलिअलि निदाएका पुतलीका आँखा भ्ल्यास्स् भए मानेको सम्झनाले । सपनीमा माने आएको थियो । हरायो । सुस्त सुक्सुकाई उ, छेउका शान्तेदाईका जोई पोईले थाहा नपाउने गरी ।

एक्कासी पुतलीको तल्लोपेट चस्किन थाल्यो । पिसाब लाग्यो । धर्मराउदै उठी । लुगलुग काप्दै करेसातिर लागी पुतली । पातलो निन्द्रा निदाईरहेकी शान्तेदाईकी जोईको पनि निन्द्रा खुल्यो । पुतलीको पिछा गरिन् उनले ।

माने र पुतलीको मायाको चिनोले संसार देख्न् पाएन् । रगतको डल्लो बनेर गईदियो उ । पुतलीका नौनाडी गले । उसको जिवनको कहिल्यै नछुट्ने साथी- आँशु । उसले आफ्नो धर्म निभायो । आशुका धर्सा बगिरहे पुतली आँखाबाट । जसरी निस्कन्छ रेशम धागो रेशमकिराबाट ।

'क्या भयो पुतली' सोधिन् शान्तेदाईकी जोईले ।

'बच्चो गयो ।' पुतलीले रुन्चे आवाजमा भनि ।

उसको कुरा सुनेर शान्तेदाईकी जोईका आँखामा आफ्नो छोरो जैरेको अनुहार फनफनी नाच्न थाल्यो । एकबर्ष अगि झाडापखालाको सिकार भएको जैरेको सम्झनाले पिरोलियो उनको मन ।

'भैगो, नुरो पुतली' बर्काको फेरले आफ्ना आँशु पुछ्दै पुतलीलाई सम्झाईन् उनले ! तेरो र मेरो कर्म यसै रछ, मुन नदुखा ।'

शान्तेदाईकी जोईको कुराले पुतलीको पिडा बिषेक भयो । तरपनि कता कता मन रोईरहयो । उज्यालो हुने बितिक्कै पुतलीको भाच्चिएको हातमा बासको काप्री लगाईदिए शान्तेदाईले । भाचिएको हात जोड्न बासको काप्री लगाए जस्तै टुक्रिएको मन जोड्न अब के लगाउने पुतलीले ? मन बुझाउने कुनै तत्व छैन् उसका अगि । मात्र मानेको सौराईले न्याकीरहेको छ ।

चित्रकला



युवराज ढुबे
कक्षा-८,



दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन, हेटौंडा-५



रिदिस्मा कार्की
कक्षा-६, सिद्धार्थ शिशु सदन

एक्लोपन (गीत)



सरोजप्रसाद साह

यो एक्लोपन, यो न्यानो तन,
यो एक्लै छुटेको मन....
साथ छ, मेरो साथ छ, मसँगै छ,
मेरै आस छ ! २

हेर्दा हेर्दै साँझ गए....
दिन कयौं, रात ढले !!
उनलाई मिल्ने खुल्दुलीमा,
मेरा कति आस जले....
याद छ, मलाई याद छ,
मसँगै छ, मेरै आस छ !!! २

यो एक्लोपन, निरास मन,
यो एक्लै टुटेको कण.....
साथ छ, मेरो साथ छ, मसँगै छ,
मेरै आस छ ! २

छट्पटिको, तितो बोली,
ओइल्याउन थालिसक्यो,
तिमीलाई मिल्ने आशामा,
गन्तव्य नै आइसक्यो !!!! २

नजिकै छ, मेरो साथ छ,
मसँगै छ मेरै आस छ.....

यो एक्लोपन, यो न्यानो तन,
यो एक्लै छुटेको मन....
साथ छ, मेरो साथ छ, मसँगै छ,
मेरै आस छ ! २

राम्रो विद्यालय



स्वर्ण ठकुरी

कति राम्रो विद्यालय छ नि हाम्रो साथी
पढाईभन्दा अरु कुनै कुरा छैन माथि
मिहिनेती हुनुहुन्छ गुरुबा र गुरुआमा
मिहिनेत गरी हुनु छ सफल हरेक परीक्षामा ॥

गुरुबा र गुरुमा बाँड्नु हुन्छ ज्ञान
हामीले पनि पढाईमा दिनुपर्छ ध्यान
कक्षाकोठा हो नि हाम्रो दोस्रो घर
आफ्नो कक्षाकोठा आफैंले नै सफा गर्ने गर ॥

गुरुसँग खुसी हुँदै नयाँ कुरा सिक्छौं
हाँसीखुसी रमाउँदै नयाँ पाठ पढ्छौं
गुरुबा र गुरुमासँग नमान है डर
नबुझेको कुराहरु दोहोर्‍याई सोध ॥

व्यक्तिगत सरसफाईमा ध्यान दिने गर
स्वास्थ्य नै धन हो मनन गर्ने गर
मिहिनेत र परिश्रमको हुने गर्छ कदर
गुरुबा र गुरुमाको गर्नुपर्छ आदर ॥

कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल
हेटौंडा-२

कर्मको दियो

विदुषी हुमागाईं

प्रत्येक कार्यमा
एक दृश्य लुकेको छ
प्रत्येक मिहिनेतमा
एक सफलताको दियो
बल्दै गएको छ
तिमी केवल प्रयास गर
समयको लहरले
कर्मको मधुर सङ्गीत
सुन्ने छौ

भारी बोकिरहेको
भरियालाई सोध
कति आनन्द हुन्छ
त्यो सितल चौतारीमा
केही पल बिश्राम लिँदा
आफ्नै गन्तव्यमा पुगी
आफ्नो कर्मको फल लिँदा

होला त्यो यात्रामा
कति ठक्कर
खानु पर्‍यो होला
निरन्तरता र
मनको सत्यताले
पराइकै किन नहोस्
पेट भरिरहेको छ

कसैले बोकेको बुइँचाले
बाढी बढाउन सक्दैन
त्यसैले भविष्य
आफ्नै हातमा त हो
काम मात्र गर्ने होइन
खोजी पनि गर्नै पर्छ
खोजी गर्दा भाग्यले
मिलाउने होइन
केवल कर्मले मिलाउने पर्छ

कक्षा-१०, नवोदय शिशु सदन
हेटौंडा-४

राष्ट्रनिर्माणमा युवा सहभागिता

सुन्दर लुइटेल

जननी जन्मभूमिश्च स्वर्गदीप गरीयसी : भन्ने कुरा वास्तवमै साँचो हो । आफू जन्मिएको ठाउँ र आमाको महत्व स्वर्गभन्दा पनि प्यारो हुन्छ नै जो जहाँ जन्मिन्छ उनका लागि त्यही राष्ट्र प्यारो हुन्छ । जति प्यारो राष्ट्र त्यति नै सन्तुष्टि पनि हुन्छ । जब प्यारो राष्ट्र विकसित हुन्छ तब आफूलाई पनि खुसी लाग्छ । तर,राष्ट्रनिर्माण जस्तो काम जोसुकैबाट सम्भव छैन । त्यो केबल युवाहरुले मात्र पूरा गर्न सक्छन् ।

युवामा जोस,जाँगर र हिम्मत हुन्छ । उत्साह र उमङ्गका साथ युवाहरुले राष्ट्रलाई विकसित तुल्याउन सक्छन् । देशभक्त युवाहरुकै क्रियाशिलताका आधारमा राष्ट्रनिर्माण सम्भव छ । जति जति उत्साहका साथ युवाहरुले राष्ट्रनिर्माणको अभियानमा सहभागिता जनाउँछन् त्यति त्यति नै राष्ट्रको निर्माण हुँदै जान्छ । उनीहरुमा दृढ अठोट हुन्छ,इमानदारिता हुन्छ र समर्पणको भावना पनि हुन्छ । त्यसैले राष्ट्रनिर्माणका लागि सफल अभिनेता भनेको युवाहरु नै हुन् । संसारमा परिवर्तनका साथ राष्ट्रलाई विकसित तुल्याउने काम युवाहरुबाटै भएको छ । जहाँ देशका कर्णधार भनेर युवाहरुको सम्मान भएको छ त्यो राष्ट्र निश्चय पनि विकासको शिखरमा पुगेको छ । ज्ञानको सदुपयोग,परिश्रम्को भावना र क्षमता अरुमा भन्दा युवाहरुमै बढी सम्भव भएकाले पनि राष्ट्रनिर्माणमा उनीहरु सफल भएका हुन् । हुन त कतिपय युवा बेरोजगारीका कारण कतिपय देशले विकासको शिखर चुम्न सकिरहेका छैनन् । त्यसका लागि उनीहरुको रोजगारिता सुनिश्चित गर्न सके राम्रो मानिन्छ ।

युवाहरुकै काँधमा राष्ट्रनिर्माणको जिम्मेवारी हुन्छ । उनीहरुबाट मात्र सफल एवम् विकसित राष्ट्र बन्न सक्छ । तसर्थ, युवाहरुको ज्ञान,सिप,क्षमता,अवसर र रोजगारीका लागि सबै पक्षबाट सहयोग पुग्न जरुरी छ । भनिन्छ,युवा राष्ट्रका सफल अभिनेता हुन् र समृद्ध राष्ट्रका निर्माण पनि हुन् ।

सिद्धार्थ शिशु सदन शिक्षक

भाई

कृतिका हुमागाईं

भाई नि आयो
तिमी आउन मिल्ला नमिल्ला आफ्नो ठाउँमा छ ।
टाढा छौ, भाई टीकामा तिमीलाई सत्यसँग टीका लगाई
परिवार सँग रमाईलो गरेर यो चाड मनाउने इच्छा छ
सधै जसो , यो टीका पनि यमराज
तिम्रो अघि आउन पहिला
मेरो सामना गरोस यही कामना छ
उपहार किनिएर राखेको छु
थाहा छ, त्यति सजिलो छैन आउन तर
तिमी आइदिए छुट्टै रमाईलो हुन्थयो हामीलाई
सधै खुशी रहन भन्दा
मेरो प्यारो भाई

हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालय

कहिलेसम्म ?

पुजा अग्रवाल

कहिलेसम्म हामी
जनताहरुले सहने
कहिलेसम्म यी
नेताहरूको भरमा रहने ?

गर्दैनन् यिनले
केही नयाँ काम
गर्छु गर्छु भन्दै
काम टाल्ने यिनको सान

भन्छन् “म बनाउँछु
स्वर्गझैं देश”
जो आएपनि
उस्तै भेष

यिनीहरूलाई सच्याउन
बनाऔं केही खेल
गल्ती गर्नेलाई
पठाऔं जेल

कहिलेसम्म
लगाउँछन् आँखा
यिनले हाम्रो धनमा
मानवता भन्ने
कुरा छ कि नाई
यिनको मनमा ?

कक्षा-१०, नवोदय शिशु सदन
हेटौंडा-४

गाउँखाने कथा

१. टाउको चिरेको पुच्छर बेरेको ।
- पेचकीला

२. एकखुट्टे धामी, लुगलुगी कामी ।
- जुको

३. टाउको छ, पुच्छर छ–खुट्टा छैन, आँखा छ, पेट छ–कान छैन ।
- सर्प

४. आमा झुन्डिई, छोरी हिँडी ।
- ताल्चा र साँचो

५. एउटा सानो हत्केलामा अठार बीस, त्यही औंला पाकेपछि मजासित खाउँला ।
- केराको काँइयो

सालाको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

मेष राशिः आर्थिक रुपमा सहज अवस्थाको सिर्जना हुनेछ । धनाजनका अवसरहरु प्राप्त होलान् । घरजग्गा जमिन सम्बन्धी काम होला । भविष्यको सुनिश्चितताको लागि अवसर जुट्ला । व्यापार–व्यवसाय मध्यमकारक रहनेछ । पढाई–लेखाई मध्यमकारक रहला । धार्मिक सामाजिक काममा मन जाला । घुमघाममा निस्कन मन लाग्ला ।

वृष राशिः उन्नतिको पक्षमा निरन्तर अगाडि बढिरहने समय हो । धार्मिक र आध्यात्मिक क्रियाकलापमा समय व्यतित होला । परोपकारी काम र सेवामा समय बित्ला । मिहिनेत र लगनशीलता नै आफ्नो पहिचान बन्ला । महत्वकांक्षी काममा त्यति जोड नदिँदा राम्रो । प्रतिस्पर्धामा विजय होला । जिद्धी र हठलाई त्याग गर्दा राम्रो ।

मिथुन राशिः धन खर्च हुने समय योग छ । सबल र दुर्बल पक्षहरु केलाएर अगाडि बढ्दा राम्रो रहला । सोच बिचारले काम गर्दा लाभ प्राप्त होला । व्यापार–व्यवसाय ठिकै छ । सामाजिक र परोपकारजन्य काममा समय व्यतित होला । दौडधूपमा समय बढ्ला । अध्ययन–अध्यापन ठिकै छ । भावना र कल्पनामा नरुमल्लिँदा राम्रो होला ।

कर्कट राशिः स्वास्थ्यमा सुधार आउला । इच्छित कार्य सम्पन्न हुने समय योग छ । आर्थिक स्तरमा सुधार आउला तर खर्च वृद्धि पनि रोकिने छैन । नयाँ नोकरी र व्यवहारिक प्रस्ताव आउन सक्छ । आफन्तसँग सुमधुर सम्बन्ध होला । रोकिएका कामहरु बन्ने समय योग छ । अध्ययन–अध्यापनका लागि थप मिहिनेत गर्नुपर्ला ।

सिंह राशिः व्यक्तित्व, प्रतिष्ठा र कार्यक्षमतामा फलदायी समय छ । कार्यक्षेत्रमा देखिएका समस्याको समाधान होला । मातापिताको र आफ्नो स्वास्थ्य स्थितिमा सुधार आउँला । आत्मबलले लक्ष्यप्राप्ति होला । प्रतियोगितामा सफलता प्राप्त होला । व्यापार–व्यवसाय ठिकै रहला । धार्मिक तथा सामाजिक काममा मन जाला ।

कन्या राशिः प्रकृतिमा समय व्यतित गर्दा मानसिक तनाव कम होला । परिवारलाई समय दिँदा राम्रो रहला । आत्मविश्वासले गरेको कामले लक्ष्यप्राप्ति होला । कार्यपद्धतिमा सुधार गर्दै राम्रैं । व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ । अध्ययन–अध्यापनका क्षेत्रमा मध्यमकारक छ । सुन्दर उपहार प्राप्त हुन सक्ने छ ।

तुला राशिः रामरमाइलो र प्रेम प्रसङ्गमा भुलिनु ठिक नहोला । आँट र हिम्मतले बिग्रेको कामलाई सुधार गरिएला । शरीर स्वस्थ र अस्वस्थ दुवै रहला । खानपानमा अरुचि बढ्ला । व्यापार–व्यवसायमा मन्दी छाउला । झट्ट एकै पटकमा विश्वास नगर्दा राम्रैं रहला । कुरा काट्नेहरुसँग सजगता अपनाउँदा राम्रो होला ।

~~**वृश्चिक राशि**ः मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाइने समय योग~~ छ । आत्मीयजनसँग एकान्तमा बसेर भावना साटासाट गरिने छ । कामको चाप र थकाइबाट मुक्त रही विश्राम पाइने समय छ । कार्यक्षेत्रमा सामान्यतया शुभफल प्राप्त होला । घरायसी प्रयोजनका सुखसुविधा प्राप्त हुने समय छ । व्यापार–व्यवसाय मध्यमकारक रहने छ । अध्ययन–अध्यापनका कामहरुबाट लाभ प्राप्त हुने छ ।

धनु राशिः हाँके/ताकेका काममा समय व्यतित होला । रिसराग, आवेग र क्रोधलाई हर सम्भव नियन्त्रण गर्नुपर्ने हुन्छ । प्रतियोगी र प्रतिद्वन्द्वीहरुका लागि माझमा आफ्नो क्षमता प्रदर्शन गर्ने समय छ । रोकिएका कामहरु बन्ने समय छ । मानसिक रुपमा सबल भइने छ । पुरानो लेनदेन कारोबारमा सुधार आउला । पढाई–लखाई ठिकै रहने समय योग छ ।

मकर राशिः बोलीमा सरस्वतीको बास रहने छ । ज्ञान र सीप बाँडेर जस लिने समय हो । प्राज्ञिक गतिविधिमा रहेका व्यक्तिले प्रतिष्ठा र धन कमाइने समय छ । स्वास्थ्य सबल रहने छ । आफन्तबाट सहयोग प्राप्त होला । कर्मधन्दा र व्यवसायमा थप लगानी बढाइएला । भावना र कल्पनामा केन्द्रित भइने समय छ । वैदेशिक योगबाट लाभ प्राप्त होला ।

कुम्भ राशिः भेटघाट एवम् गफगाफमा जुट्ने अवसर प्राप्त होला । सहयोग एवम् समझदारी कायम रहला । आन्तरिक प्रतिभाको प्रस्फुटन हुने राम्रैं समय छ । कला र साहित्यमा झुकाव बढ्ने समय योग छ । अध्ययन–अध्यापन मध्यमकारक रहने समय छ । आत्मियता बढ्ने समय योग छ । नयाँ कल्पना हात हाल्ने समय योग रहेको छ ।

मीन राशिः सहयोगको अपेक्षा गर्ने समय छ । धार्मिक र सामाजिक काममा सरिक हुँदा शान्तिको अनुभूति हुने छ । मित्रवर्गले समेत सहयोग प्राप्त गर्ने छन् । पेशा र कार्यक्षेत्रप्रति जिम्मेवार बनिने समय योग छ । अध्ययन– अध्यापन ठिकै छ । व्यापार–व्यवसाय मध्यम फलदायी रहेको देखिन्छ । साहित्यमा झुकाव रहने छ ।

BUDDHA
Bar & Restaurant
CHEESE
Pizza
Rs.100
Per Slice
WELCOME ON
Aaswin 17
Wednesday
ONWARDS
Hetauda-4, School Road
For Delivery
9802923576
buddhabar&restaurant

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

चितवनमा एकै दिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकै दिन चितवनमा ३ जनाको मृत्यु भएको छ । चितवन जिल्लाको भरतपुर महानगर पालिकाको विभिन्न ठाउँमा एकै दिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको हो ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, बेलचोकमा मानवसेवा आश्रममा आश्रित वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा ७८ वर्षीय रामप्रसाद सापकोटा रहेको प्रहरीले जानकारी दिएको छ ।

सापकोटालाई गत शुक्रबार चितवन भरतपुर महानगरपालिका-४, धर्मचोकको चौताराबाट बेवारिसे अवस्थामा उद्दार गरिएको थियो । उद्दार गरी मानवसेवा आश्रममा राखिएकोमा बिहीबार बेलुका ७ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१० मा ईनारभित्र डुबी एक जना पुरुष मृत फेला परेका छन् । बिहीबार दिउँसो २ बजेको समयमा नामथर नखुलेको अन्दाजी ३५ वर्षीय पुरुष मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । शवको मुचुल्का तथा अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

चितवन जिल्लाकै भरतपुर महानगर पालिका-२, लीलाचोकमा सुतेको अवस्थामा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा भरतपुर महानगरपालिका-१०, हाकिमचोकका ५५ वर्षीय दिलिपप्रसाद उपाध्याय रहेको प्रहरीले जानकारी दिएको छ ।

मनकामना ट्रान्सपोर्टमा एकाउन्टेन्टको रुपमा काम गर्ने उपाध्याय बिहीबार साँझ सँगै काम गर्ने सुनसरी जिल्ला बराह नगरपालिका-७ का ४९ वर्षीय ऋषिकेश भट्टराईको कोठामा गई सुतेका थिए । भट्टराईले शुक्रबार बिहान ३ बजेर ३५ मिनेटको समयमा बोलाउँद नबोलेको र हेर्दा मृत्यु भइसकेको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

घुम्ती शिविर हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरका विभिन्न स्थानमा शारीरिक अपाङ्गता परीक्षण घुम्ती शिविर हुँदैछ। विकलाङ्ग मित्र समूह/अपाङ्ग बाल अस्पताल तथा पुनस्थापन केन्द्र (एचआरडीसी) बनेपा, काभ्रेपलाञ्चोक तथा मकवानपुर जिल्लाको संयुक्त आयोजनामा १८ वर्षसम्मका शारीरिक अपाङ्गता भएका बालबालिकाहरूको लागि स्वास्थ्य तथा पुनस्थापन घुम्ती शिविर हुन लागेको एचआरडीसी बनेपाका इन्चार्ज तोकबहादुर लामाले जानकारी दिनुभयो ।

शिविरमा विभिन्न किसिमले अपाङ्गता भएका १८ वर्षभन्दा मुनिका बालकहरु र २४ वर्षसम्मका बालिकाहरुलाई निःशुल्क कृत्रिम हात-खुट्टा उपलब्ध गराउने उहाँले जानकारी दिनुभयो । घुम्ती शिविरमा जन्मजात वा पछि खुट्टाको पैतला भित्र/बाहिर फर्केको, खुट्टा लुलो र कमजोर भएको, जोर्नीहरू दुख्ने, सुन्निने, बाङ्गिएको वा खुस्किएको, औंलाहरू एक-आपसमा टाँसिएको वा बढी भएको समस्या परीक्षण हुनेछ ।

शिविरमा हड्डीको टिबी रोग लागेका, शरीरमा राखिएको स्टिल, पाता वा रड झिक्नुपर्ने, हिँड्दा घुँडा जोडिने/ठोक्किने, घुँडा भित्र/बाहिर फर्केको, आगोले पोलेर अङ्गहरू एक-आपसमा टाँसिएको, हात/खुट्टा भाँचिएर बाङ्गो भएको वा हड्डी नजोडिएको, ढाड बाङ्गो वा कुप्रो भएको, हड्डी पाकेर लामो समयदेखि पिप आइरहने, कृत्रिम अङ्ग र सहायक सामग्रीको आवश्यकता भएकाहरू र अन्य हाडजोर्नीसँग सम्बन्धित अपाङ्गता भएकाहरुको उपचार गरिने उहाँले जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरपालिकाको सहयोगमा बैशाख ३० र ३१ गते हेटौंडा अस्पतालमा बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म हुनेछ । यस्तै, जेठ १ गते मकवानपुरगढी गाउँपालिकाको सहयोगमा मकवानपुरगढी-२, शिखरकटेरीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा शिविर हुनेछ । जेठ २ गते बकैया गाउँपालिकाको सहयोगमा बकैया-६ स्थित बकैया आधार भूत अस्पतालमा, ३ गते भीमफेदी गाउँपालिकाको सहयोगमा भीमफेदी-२ को कार्यालयमा र ४ गते भीमफेदीस्थित ईपा स्वास्थ्य चौकीमा शिविर हुने लामाले जानकारी दिनुभयो ।

शिविरमा डाक्टर, फिजियोथेरापिष्ट, कृत्रिम अङ्ग बनाउने, स्टाफ नर्स, सीबीआर लगायतको स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य परीक्षण गर्ने जनाइएको छ ।

शिक्षक आवश्यकता

प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०१/२९

उपरोक्त सम्बन्धमा यस विद्यालयका लागि तपसिल बमोजिमका शिक्षकहरु आवश्यक परेको हुँदा योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुवाट दरखास्त आह्रान गरिएको छ ।

तपसिल

क्र स.	विज्ञापन नं.	पद/तह	संख्या	विषय	न्यूनतम शैक्षिक योग्यता
१	०१-०८०/०८१	बालविकास सहजकर्ता	१		कम्तिमा १२ कक्षा उत्तीर्ण गरी मन्टेश्वरी तालिम लिएको
२	०२-०८०/०८१	शिक्षक/प्राथमिक (निजी स्रोत)	२	नेपाली	मान्यता प्राप्त शिक्षण संस्थाबाट मुख्य विषय नेपाली लिई १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको
३	०३-०८०/०८१	शिक्षक /प्राथमिक (निजी स्रोत)	१	गणित	मान्यता प्राप्त शिक्षण संस्थाबाट मुख्य विषय गणित लिई १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको
४	०४-०८०/०८१	शिक्षक /प्राथमिक (निजी स्रोत)	१	विज्ञान	मान्यता प्राप्त शिक्षण संस्थाबाट मुख्य विषय विज्ञान लिई १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको

(माथिल्लो तहको शैक्षिक योग्यता हासिल गरी शिक्षण अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।)

आवश्यक अन्य योग्यता

१ उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
२ सेवासुविधाः विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार ।
३ आवेदन फाराम दस्तुर : रु ७००।- (सात सय)
४ परीक्षाको किसिम : लिखित, मौखिक तथा कक्षा अवलोकन ।
५ आवेदन फाराम बुझाउने अन्तिम मिति : २०८१ जेठ ११ गतेसम्म ।
६ परीक्षा मिति : २०८१ जेठ १२ गते शनिवार १०:०० बजेदेखि ।
७ आवश्यक कागजात : हस्तलिखित निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता तथा आवश्यक तालिमका प्रमाणपत्र का प्रतिलिपि ।
थप जानकारीका लागि : ०५७५२०७००, ९८४५३०२८००, ९८४५०५८७१५ ९८५५०७०६४७

प्रधानाध्यापक

सिद्धार्थ माध्यमिक विद्यालय

हेटौंडा-२, मकवानपुर (०५७-५२०७००)

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर
व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो
भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

दुवै सदनलाई राष्ट्रपतिले सम्बोधन गर्ने

काठमाडौंः राष्ट्रपति रामचन्द्र पौडेलले आगामी मंगलबार संघीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने भएका छन् । संघीय संसद् सचिवालयले आज सूचना जारी गर्दै २०८१ साल जेठ १ गते मंगलबार दिउँसो ३ बजे राष्ट्रपति पौडेलले संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने जानकारीसहित संसद्का सदस्यको उपस्थिति आह्वान गरेको छ ।

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले उक्त दिन संयुक्त बैठक आह्वान गरेका हुन् । मंगलबार सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम ल्याउने कार्यतालिका छ। 'सम्माननीय राष्ट्रपतिबाट नेपाल सरकार, नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा, ९५ बमोजिम मिति २०८१ साल जेठ १ गते मंगलबार ३ बजे संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न सदस्यको उपस्थिति आह्वान गर्नुभएकाले उक्त मिति, समय र स्थानमा संघीय संसद्का माननीय सदस्यहरुको उपस्थितिका लागि संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली २०८० को नियम ३ को उपनियम १ बमोजिम यो सूचना जारी गरिएको छ', सूचनामा भनिएको छ । सबै सांसदलाई उक्त दिन २:४५ बजेभित्र औपचारिक पोसाकमा उपस्थिति भई सक्न भनिएको छ। *स्रोतः इकान्तिपुर ।*

शिक्षक आवश्यकता

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०१/२८)

यस विद्यालयमा प्राप्त शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिकाको च. नं. ७१, मिति २०८१/०१/२६ को पत्रबाट शिक्षक पदपूर्ति अनुमति, मिति २०८१/०१/२७ मा बसेको विद्यालय व्यवस्थापन समि
विद्यालयमा तपसील बमोजिमको शिक्षक नियुक्त ग
भएको मितिले १५ दिन भित्र तपशिल बमो
दरखास्त आव्हानको सूचना प्रकाशित गरिएको

तपसील

विज्ञापन नं. : १-०८०/०८१

विषय : विज्ञान
तह : नि.मा.वि
नियुक्तिको प्रकार : करार (राहत)
संख्या : १ (एक) जना ।
शैक्षिक योग्यता : सम्बन्धित विषयमा प्रविणत
गरेको ।
आवेदन दस्तुर : रु. १,५००।–
१. तलब : नेपाल सरकारको नियम अनुसार
२. उमेरः १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको
३. आवेदन दिने अन्तिम मितिः २०८१/०२/१
रहेमा वा विद्यालय बन्द रहेमा अर्को दिनलाई
४. सम्पर्क मितिः २०८१/०२/१४
५. परीक्षाः लिखित, मौखिक र अन्तरवार्ता
६. परीक्षा मितिः सम्पर्क मितिमा तोकिने छ
७. पेश गर्नुपर्ने कागजातहरुः शैक्षिक योग्यता
प्रमाणपत्रको प्रतिलिपी, हस्तलिखित निवेदन,
समेतको प्रतिलिपी एक प्रति, स्थायी अध्यापन
प्रमाणित गरिएका २/२ प्रति ।
नोटः शिक्षक सेवा आयोगको करार शिक्षक सूचीमा
आधारमा विज्ञापन भएको ७ (सात) दिनसम्म मात्र नियुक्ति गरिने छ । अन्यथा खुल्ला उम्मेद्वारीका लागि शिक्षा नियमावली, २०५९ संशोधन सहितको प्रक्रिया पूरा गरी पदपूर्ति गरिने छ ।
सम्पर्क नं. : ९८५५०६८७२० (वि.व्य.स.अध्यक्ष), ९८४५२८७३३३ (प्र.अ.), ९८४५२८७४४४ (लेखापाल)

श्री चुरियामाई माध्यमिक विद्यालय

हेटौंडा-१५, शिखरपानी

सातव्यापी पशु आहार अभियान कार्यक्रम

पशुको आहारमा लागत कम गरी गुणस्तरीय र सन्तुलित आहारद्वारा दूधको उत्पादन बढाउने अभियान ।

मितिः २०८१ साल बैशाख २३ गतेदेखि बैशाख २९ गतेसम्म मकवानपुर जिल्लामा ।

आयोजक

प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश

सह-आयोजक

जिल्ला दुग्ध उत्पादक सहकारी संघ, मकवानपुर

‘गोधुली गीत’ उपन्यासमाथि विमर्श

भानु बोखिमकृतको गोघुलि गीत उपन्यास विमर्श कार्यक्रमलाई सम्बोधन गर्नुहुदै देवराज तिवारी

समाज संवाददाता

हेटौंडाः भानु बोखिमको ‘गोधुली गीत’ उपन्यासमाथि विमर्श भएको छ । शुक्रबार साहित्य संगम मकवानपुरको आयोजनामा भएको विमर्श कार्यक्रममा गोघुली गीतमाथि देवराज तिवारी र सुन्दर दहालले समीक्षात्मक टिप्पणी गर्नुभएको हो ।

संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्ष तथा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्यमा विमर्श कार्यक्रम भएको थियो । समीक्षक तिवारीले उपन्यासमा ६२ वटा शीर्षकमा जनयुद्धलाई बयान गरिएको बताउनुभएको छ । रोल्पाको सशस्त्र द्वन्द्वलाई उठान गरेको समीक्षक तिवारीले बताउनुभयो ।

उपन्यासमा काल्पनिक दृष्टिकोणले ३ वटा कुराहरुलाई समेटेको उहाँले बताउनुभयो । संविधानसभाको निर्वाचन भएपछि राजनीतिक नेतृत्वमा देखिएको दृष्टिकोणलाई प्रश्नको रुपमा उब्जाउने तहमा पुगेको उहाँको भनाइ छ । नारीकेन्द्रित उपन्यासको सिर्जना गरेको उहाँले बताउनुभयो । युद्धको घटनालाई यथार्थ देखाउन खोज्दा प्रहरीको गरेको ज्यादतिलाई नसमेटिएको उहाँको भनाइ

आवश्यक रहेको उहाँले औंल्याउनुभयो ।

अर्का समीक्षक दहालले उपन्यासमा समेटिएको कुराहरुलाई हेर्दा द्वन्द्वको कुराहरुलाई गहिरिएर समेट्न नसकेको बताउनुभएको छ । जनयुद्धको कुराहरु आफूले भोगेकाले नामहरु राम्ररी नसमेटिको बताउनुभयो । जनयुद्धको कतिपय घटनाहरुलाई समग्रमा लान नसकेको उहाँको धारण छ ।

बालबालिकालाई चिठी बोकाएर काम गराउने गरेको बताउनुहुँदै खड्कबहादुरको कुराहरुलाई राम्ररी उठान गर्न नसकेको उहाँले बताउनुभयो । वि.स. २०५८ सालको दरबार हत्याकाण्ड उपन्यासमा नसमेटिएको उहाँको भनाइ छ । ईश्वरी पुरा मगरको ठाउँबारे र दाङ जिल्लामा भएको आक्रमणको कुराहरुलाई नसमेटिएको उहाँले बताउनुभयो ।

गोधुली गीतका सर्जक भानुले लेखकको दृष्टिकोणले आफू सबै घटनाहरुसँग सम्बन्धित नभएकाले धेरै कुराहरु छुट्न पुगेको बताउनुभएको छ । विभिन्न घटनाका कुराहरुलाई खोज गर्दा पनि नभेटिएकाले सबै कुराहरुलाई समेट्न नसकेको उहाँको भनाइ छ ।

कार्यक्रमका प्रमुख अतिथि निखिलले
पन्यासले सबै कुराहरु नल्याउने भएकाले
राहरुको उठान गर्न मुस्किल भएको
ुभयो । राजनीतिक चेतनालाई
सम्म पुऱ्याउन ठूलो भूमिका
गरेको बताउनुभयो । कार्यक्रममा
.उपाध्यक्ष सानु खनालले स्वागत
राख्नुभएको थियो ।

ार्यलिय,

अनुरोध ।

ो सानो झिल्कोले वन
ु र मानवीय क्षति समेत
गाउँन विशेष सावधानी

ाय, मकवानपुर

मकवानपुरद्वारा
सन्देश ।।

बाट बचाउन जन्मे देखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट निःशुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालकालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनुपर्ने सबै खोपहरु समयमै पुरा गराऔ । १५ महिनामा लगाउनुपर्ने दादुरा रुबेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पुरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।

खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धि कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा निशुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगबाट बचाउन सकिन्छ ।

जिल्ला खोप समन्वय समिति तथा
जनस्वास्थ्य कार्यालय, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ